# होटेल, रेष्टुरेण्ट लगायतका खाद्य पदार्थ तयार गरी विक्री वितरण गर्ने खाद्य व्यवसाय सेवा प्रदायकहरुलाई जरुरी सूचना!

हाल यस विभागमा होटेल, रेष्टुरेण्ट, मिठाइ पसल, चमेना गृह, क्याटरिङ्ग, भोजनालय लगायतमा खाद्य स्वच्छता तथा गुणस्तर एवं सरसफाई सम्बन्धी उजुरी तथा जनगुनासोहरु प्राप्त भैरहेको सन्दर्भमा यस विभागको ध्यानाकर्षण भएको छ। उक्त सन्दर्भमा, खाद्य पदार्थ तयार गरी विक्री वितरण गर्ने खाद्य व्यवसाय सेवा प्रदायकहरुले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा २५ बमोजिमको दायित्व र तपसिल बमोजिम खाद्य स्वच्छता कायम राख्ने कार्यहरु गरी ऐ. ऐनको दफा ९ को उपदफा २ (क) बमोजिम सम्बन्धित स्थानीय तहबाट खाद्य व्यवसाय अनुमतिपत्र लिएर मात्र कारोबार गर्नु हुन जानकारी गराइन्छ। अन्यथा, ऐन बमोजिम कारवाही हुने व्यहोरा सम्वन्धित सवैमा सूचित गरिन्छ ।

खाद्य व्यवसाय सेवाप्रदायकको दायित्वः

(क) तोकिएको मापदण्ड बमोजिमका खाद्य पदार्थ उपलब्ध गराउने,
(ख) खाद्य पदार्थको प्रकृति अनुरुप बिक्री सोकेस वा कक्षमा तोकिए बमोजिमको आवश्यक आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने,
(ग) खाद्य पदार्थ तयारी तथा वितरण गर्ने स्थान तथा परिसर स्वच्छ र सफा राख्ने, र
(घ) पहिचान पद्धति (ट्रेसियाबिलिटि) कायम गर्ने।

खाद्य व्यवसायीले खाद्य स्वच्छता कायम राख्न अवलम्बन गर्नुपर्ने कार्यहरुः

(क) कामदार, कच्चा पदार्थ, परिसर लगायतको सरसफाई कायम राख्ने,
(ख) स्वच्छ र गुणस्तरीय पानी र खाद्य वस्तु मात्र प्रयोग गर्ने,
(ग) खाद्य पदार्थ राम्ररी पकाउने,
(घ) पकाएको र नपकाएको खाद्य पदार्थहरुलाई छुट्टाछुट्टै राख्ने, र
(ङ) खाद्य पदार्थलाई सुरक्षित तापक्रममा राखी संरक्षण गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ
www.dftqc.gov.np, email: info@dftqc.gov.np